मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २३२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र १७ गते मंगलबार ❑ 2 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## लुम्बिनी र गण्डकी प्रदेशबीच साझा विकासका लागि नौबुँदे निर्णय

**रासस**
लुम्बिनी, १६ भाद्र

लुम्बिनी र गण्डकी प्रदेशबीच सहयोग र सहकार्यका आधारमा विकासनिर्माणसँग सम्बन्धित साझा कार्यक्रमलाई अझ प्रभावकारी र उपलब्धिमूलक बनाउने उद्देश्यका साथ नौबुँदे निर्णय भएको छ।

स्याङ्जाको गल्याङमा सोमबार सम्पन्न मुख्यमन्त्रीस्तरीय दोस्रो बैठकमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य र गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले साझा विकाससँग सम्बन्धित नौबुँदे निर्णयमा हस्ताक्षर गर्नुभएको हो।

सीमा जोडिएका यी दुई प्रदेशबीच यसअघि २०८१ माघ ३० गते पाल्पाको रानीमहलमा सम्पन्न मुख्यमन्त्रीस्तरीय बैठकमा साझा हित र चासोका विषयमा सहकार्य गर्ने प्रतिबद्धतासहित २१ बुँदे निर्णय भएको थियो। आजको बैठकमा रानीमहलमा भएको पहिलो बैठकको निर्णय कार्यान्वयनको अवस्था, सुधार



गर्नुपर्ने पक्षलगायत विविध विषयमा समीक्षा भएको मुख्यमन्त्री आचार्यले जानकारी दिनुभयो।

यसैगरी, बजेट तथा नीतिगत प्राथमिकतामा रहेका विषयलाई कार्यान्वयनमा जोड दिने र नेपाल सरकारसँग नियमित समन्वय गर्न व्यवस्था मिलाइने र प्रतिबद्धता गरिएअनुसार तीन महिनाभित्र कार्ययोजना तयार गर्ने विषयमा पनि बैठकमा छलफल भएको थियो। निर्णय कार्यान्वयनका लागि दुबै प्रदेशका मुख्यमन्त्रीले सङ्घीय सरकारको ध्यानाकर्षण गराउदै आएको र अहिले केही निर्णय कार्यान्वयन चरणमा रहेको मुख्यमन्त्री आचर्यले जानकारी दिनुभयो। "संविधानले प्रदेशलाई प्रदान गरेका अधिकारहरू सङ्घीय सरकारमार्फत प्रत्यायोजित नभएको अवस्था छ।

संविधानले दिएको अधिकारलाई 'फुलफेज'मा कार्यान्वयन गराउनका लागि हामी यसरी नै समन्वय र सहकार्य गरी अघि बढ्ने छौँ" उहाँले भन्नुभयो, "प्रदेशसँग जोडिएका साझा सडकको पूर्वाधारको समस्या समाधान गर्न ध्यानाकर्षण गराउने काम भइरहेको छ।" बैठकमा नेपालको संविधानको धारा, २३२ र २३३ मा रहेको समन्वय र सहकार्यको मर्मलाई आधार बनाई दुवै प्रदेशले साझा हितका कार्यक्रम संयुक्तरुपमा अघि बढाउने सहमति समेत भएको छ।

यसैगरी, दामोदरकुण्ड-कृष्णागण्डकी 'उत्तरवाहिनी'-लुम्बिनी मुक्तिमार्ग विकासका लागि अवधारणापत्र तयार गर्ने निर्णय गरेको छ। त्यस्तै, रुपान्तरणकारी कार्यक्रमहरूलाई अन्तरप्रदेश साझेदारीमा अघि बढाउने, कालीगण्डकी तटीय क्षेत्रको समुन्नतिको कार्ययोजना आगामी पुस मसान्तभित्र पेस गर्ने, कात्तिक महिनामा उत्तरवाहिनी क्षेत्रमा हुने कात्तिक महास्नान तथा दामोदर धर्मोत्सवलाई भव्य बनाउन दुवै प्रदेशले सहजीकरण गर्ने निर्णय बैठकले गरेको छ। बैठकले सिकाइ आदान-प्रदानका लागि प्रमुख सचिवस्तरीय संयन्त्र गठन गर्ने, कानुनी तथा नीतिगत एकरुपता कायम गर्दै जाने र दुबै प्रदेशका तीर्थ तथा पर्यटकीय स्थललाई जोड्ने पदमार्गको विस्तृत आयोजना प्रतिवेदन संयुक्तरुपमा तयार गर्ने निर्णय पनि गरेको छ।

## संघीय शिक्षा ऐनको विरुद्धमा निजी विद्यालयका बस सडकमा प्रदर्शन

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भाद्र



नेपाल सरकारले ल्याउन लागेको संघीय शिक्षा ऐनको विरोधमा देशभरका निजी तथा आवासीय विद्यालय आन्दोलित छन्।

संघीय शिक्षा ऐनमा ल्याउन लागिएको निजी तथा आवसीय विद्यालयलाई गैर नाफा मुलक बनाउने र पूर्ण छात्रवृत्तिलाई हटाउन माग गर्दै आन्दोलित वनेका हुन्। प्याव्सन, एन प्याव्सन, हिसान, अपेन र एनएएमले संयुक्तरुपमा आन्दोलनका कार्यक्रम घोषणा गरी आन्दोलन गरेका हुन्। यसैको विरोधमा सोमबार देशभरका निजी तथा आवसीय विद्यालयका वसहरु कालो झण्डा र कालो व्यानर सहित सडकमा गुडाएर शान्तिपूर्ण विरोध गरेका छन्। कास्कीमा पनि निजी तथा आवासीय विद्यालयले संघीय शिक्षा ऐनको विरोधमा शान्तिपूर्ण विरोध स्वरुप विद्यालयका वसहरुलाई सडकमा गुडाएर प्रदर्शन गरेका छन्।

संघीय शिक्षा ऐनमा निजी विद्यालय वन्द गर्ने गरी ल्याउन लागिएको नितिका विरुद्धमा शुक्रबार विद्यालयका वस सडकमा गुडाएर शान्तिपूर्ण विरोध गरेको एन प्याव्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारी जानकारी दिए। कास्कीका रहेका निजी तथा आवसीय विद्यालयका वसहरुका पोखराका विभिन्न ठाउँमा परिक्रममा गरि विरोध प्रदर्शन गरेका थिए। दोस्रो चरणको आन्दोलन अन्तर्गत देशभर विरोध प्रदर्शन गरिएको हो। माग पुरा नभए विद्यालय वन्द गर्ने सम्मको आन्दोलनको कार्यक्रम रहेको छ।

पूर्ण छात्रावृत्ति भन्ने शव्द हटाइनु पर्ने, विद्यालयहरुमा उत्पादन नहुने सामाग्रीहरु जस्तै पोशाक, स्टेशनरी, शैक्षिक सामाग्री, खाना, खाजा प्रावधान खारेज गुर्नपर्ने, कम्पनी ऐन अनुसार दर्ता भई सञ्चालनमा रहेका विद्यालयहरुलाई गैर नाफमुलक बनाउँदै लगिने भन्ने प्रावधान हटाइनुपर्ने माग निजी तथा आवसीय विद्यालयको रहेको छ। त्यसैगरी छात्रवृत्ति वितरणको अधिकार सम्बन्धित विद्यालयमा रहनुपर्ने, पालिका प्रतिनिधिको सहभागितामा एक पारदर्शी समिति गठन गरी वितरण गर्ने सकिने व्यवस्था गरिनुपर्ने, छात्रवृत्ति सम्बन्धी ऐन २०२१ को दफा ३(क), नियमावली २०६० को नियम १०(क) मा ४५ प्रतिशत आरक्षण छात्रवृत्ति सम्बन्धी व्यवस्था तथा केही नेपाल ऐन संसोधन गर्ने ऐन २०७७ ले ११ वटा विश्वविद्यालयमा कक्षा ६ देखि १० सम्म सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीले मात्र उच्च शिक्षा तथा सिटीइभिटी कार्यक्रम अन्तर्गत अध्ययन गर्न पाउने व्यवस्था भएको विभेदकारी उल्लेखित ऐन नियमका दफाहरु खारेज गरिनुपर्ने माग राखेका छन्।

## दसैंमा मुस्ताङबाट १५ हजार भेडाच्याङ्ग्रा निकासी हुने

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १६ भाद्र

यसवर्ष मुस्ताङमा दसैं लक्षित भेडाच्याङ्ग्रा पन्ध्र हजारको सङ्ख्यामा निकासी हुने प्रक्षेपण गरिएको छ। मुस्ताङका पाँचै वटा स्थानीय तहसँगको समन्वयमा जिल्ला भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले गरेको रिपोर्टिङका आधारमा सो सङ्ख्यामा भेडाच्याङ्ग्रा बाहिरिने प्रारम्भिक प्रक्षेपण गरिएको हो।

यहाँ गरिएको प्रारम्भिक आँकलनअनुसार गत वर्षको भन्दा यसवर्ष दोब्बर सङ्ख्यामा भेडाच्याङ्ग्रा मुस्ताङबाट निकासी हुने अनुमान गरिएको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र कार्यालय मुस्ताङका प्रमुख डा लालमणि अर्यालले उल्लेख गर्नुभयो।

गतवर्ष मुस्ताङमा पालन गरिएका आठ हजारको सङ्ख्यामा दसैं लक्षित भेडाच्याङ्ग्रा बैंसीतर्फ निकासी भएको कार्यालय प्रमुख डा अर्यालको भनाइ छ। उहाँका अनुसार गतवर्ष डोल्पाबाट मुस्ताङ हुँदै चार हजार बढी भेडाच्याङ्ग्रा बाहिरिएको थियो। गतवर्ष मुस्ताङ र डोल्पाको गरी मुस्ताङबाट कूल १२ हजार बढी च्याङ्ग्रा निकासी भएको उहाँको भनाइ छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कार्यालय मुस्ताङको वार्षिक तथ्याङ्कअनुसार यहाँका पाँचै वटा पालिकामा ६४ हजार ४०८ भेडाच्याङ्ग्रा र बाख्राको सङ्ख्या रहेको छ। यहाँको पाँच पालिकामा च्याङ्ग्रा ५६ हजार ४०५, भेडा पाँच हजार चार सय २६ र बाख्रा दुई हजार पाँच सय ७७ वटा रहेको कार्यालय प्रमुख डा अर्यालले बताउनुभयो।

यहाँको लोमान्थाङ गाउँपालिकामा च्याङ्ग्रा १४ हजार ३९८ र भेडा एक हजार ८२९, लोघेकर दामोदरकुण्डमा च्याङ्ग्रा १७ हजार ३४९ र भेडा १४९, वारागुङ मुक्तिक्षेत्रमा च्याङ्ग्रा २० हजार ६१६ र भेडा एक हजार ३०८, घरपझोङ गाउँपालिकामा च्याङ्ग्रा चार हजार ४२, भेडा चार सय ३३, बाख्रा एक हजार उक सय ९४ र मुस्ताङको तल्लो क्षेत्र थासाङ गाउँपालिकामा भेडा ३७ र बाख्रा एक हजार तीन सय ८३ वटा रहेको जनाइएको छ।

मुस्ताङमा सबै भन्दाबढी च्याङ्ग्रापालन भएको वारागुङ मुक्तिक्षेत्रबाट पाँच हजार र अन्य चारपालिकाबाट दुई हजार पाँच सयको सङ्ख्यामा भेडाच्याङ्ग्रा जिल्ला बाहिर निकासी हुने प्रक्षेपण गरिएको हो। यहाँ पालन गरिएको चार वर्ष कटेका वयस्क भेडाच्याङ्ग्रा दसैं तिहार पर्वको छेकोमा निकासी हुने गरेको भेटेरिनरी चिकित्सक डा अर्यालले बताउनुभयो। उहाँले मुस्ताङको तल्लो क्षेत्रमा दुई हजार पाँच सय बढीको सङ्ख्यामा सिनाल प्रजातीका बाख्रा र अन्य जातका बाख्रापालन भइरहेको बताउनुभयो। यसवर्ष मुस्ताङमा १५ हजार बढी भेडाच्याङ्ग्रा निकासी हुने र छिमेकी जिल्ला डोल्पाबाट पाँच हजार बढी च्याङ्ग्रा आउने प्रारम्भिक अनुमान गरिएको छ। यहाँको उत्पादन र डाल्पाबाट भित्रिने भेडाच्याङ्ग्रा गरी करिब २० हजार बढी भेडाच्याङ्ग्रा मुस्ताङको जोमसोम हुँदै म्याग्दी र मुस्ताङको सिमाक्षेत्र घाँसाबाट बाहिरिने पशु चिकित्सक डा अर्यालको दाबी छ। गतवर्ष मुस्ताङमा प्रतिच्याङ्ग्रा २८ हजारदेखि ३५ हजार मूल्यमा च्याङ्ग्रा बिक्री गरिएको थियो। आवश्यक प्रक्रिया पुगे तिब्बत् बाट च्याङ्ग्रा ल्याउन कुनै समस्या नरहेको मुस्ताङ भन्सार कार्यालयले जनाएको छ। मुस्ताङको न्हेचुङस्थित मुस्ताङ भन्सार कार्यालयका निमित्त प्रमुख नायब सुब्बा उत्तम राईले नेपाल-चीन उत्तरी कोरलानाकाबाट भेडाच्याङ्ग्राका पाठापाठी भित्रिएको बताउनुभयो। उहाँले मासुजन्य प्रयोगका लागि वयस्क भेडाच्याङ्ग्रा नभित्रिएको जानकारी दिनुभयो।

"यहाँ भेडाच्याङ्ग्रा आयात गर्नमा कुनै समस्या छैन, ब्यापारीले चीनबाट पशु क्वारेन्टाइन रिपोर्ट लिएर आउनु पऱ्यो," निमित्त प्रमुख राईले भन्नुभयो, "यहाँ तिब्बतबाट भित्रिएका भेडाच्याङ्ग्राको लोमान्थाङ गाउँपालिकाको पशु शाखा चिकित्सकले यहाँ भन्सारमा पशु निरोगितासम्बन्धी प्रमाणित गर्नुहुन्छ, त्यसपछि हामीले भन्सार राजस्व काट्छौं।" निमित्त प्रमुख राईले भन्सार कार्यालयको क्वारेन्टाइन पूर्वाधार नभएकाले पालिकाको सहयोगमा आवश्यक चेकजाँच गरी भन्सारले बैधता प्रदान गर्ने बताउनुभयो।

मानव बेचबिखन अपराध हो।

◆ मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
◆ मानिसलाई खरिद विक्री गर्नेर जवरजस्ती काममा लगाउने,
◆ कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
◆ प्रचलित कानून विपरीत मानव अंग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद विक्री गर्ने,
◆ वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव वेचविखन मानिने कार्य हुन्।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनवमोजिम कारवाही हुन्छ।
त्यस्तो कार्य कहिकतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खवर गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकी प्रदेशमा 'दलित अधिकार तथा सशक्तिकरण ऐन २०८२' सर्वसम्मत पारित

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भाद्र




गण्डकी प्रदेशसभाले दलित समुदायको अधिकार सुनिश्चित गर्दै उनीहरूको सामाजिक, आर्थिक, शैक्षिक र सांस्कृतिक सशक्तिकरण गर्ने उद्देश्यले तयार गरिएको ' गण्डकी प्रदेश दलित अधिकार तथा सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सर्वसम्मत पारित गरेको छ। यससँगै प्रदेशसभाले ऐतिहासिक कदम चालेको भन्दै यसलाई समानता र न्यायको यात्रातर्फको कोसेढुङ्गाका रूपमा लिइएको छ।

यो विधेयक २०८१ चैत १५ गते सामाजिक विकास तथा कृषि समितिमा दफावार छलफलका लागि पठाइएको थियो। सरोकारवाला, विज्ञ तथा सांसदहरूसँगको व्यापक छलफलपछि परिमार्जनसहित प्रतिवेदन तयार गरी प्रस्तुत गरिएको विधेयकलाई गण्डकी प्रदेश सभा नियमावली २०८० को नियम १२६ अनुसार सभामा पेस गरी सर्वसम्मत पारित गरिएको गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले जानकारी गराए।


उक्त विधेयकलाई उनले प्रदेशकै उत्कृष्ट कानूनी अभ्यासको उदाहरण दिएका छन्। विधेयकमा परम्परागत पेशा, जातीय भेदभाव र छुवाछुत अन्त्य गर्ने प्रावधानलाई मुख्यतया जोड गरिएको उनले उल्लेख गरे। स्नातक तह पास गरी दश वर्ष दलित अधिकार क्षेत्रमा काम गरेका व्यक्तिलाई कार्यकारी उपाध्यक्षको व्यवस्था समेत विधेयकमा गरिएको भनाई उनको छ। दलित समुदायको स्वास्थ्य, सामाजिक सुरक्षा, शिक्षा, रोजगारी, सशक्तिकरण तथा परम्परागत सीपको संरक्षणको विषय ऐनमा समावेश गरिएको छ। उनले विधेयक दलित समुदायले भोग्दै आएका हरेक समस्याको दीर्घकालीन सम्बोधन गर्ने कानूनी आधार भएको बताए। समयानुसार संशोधन गर्ने खुला व्यवस्था समेत गरिएको भनाई उनको छ। गण्डकी प्रदेशका सांसद डिल्लीराम सुवेदीले दलित अधिकार तथा सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक आउनु गण्डकी प्रदेश सरकारको प्रशंसनीय काम भएको बताए। "भौतिक विकासमा मात्र प्रतिस्पर्धा गर्ने होइन, सामाजिक विकासलाई पनि बराबरी प्राथमिकता दिनुपर्छ। दलित समुदायको राजनीतिक, सांस्कृतिक र सामाजिक जागरणका लागि यो विधेयक रुपान्तरणको महाअभियान बन्नेछ", उनले भने।

सांसद राजकुमारी भूजेलले गण्डकी प्रदेशमा १८.२ प्रतिशत जनसंख्या दलित समुदाय भएको बताउँदै उनीहरूलाई अछुत र वञ्चित अवस्थाबाट बाहिर निकाल्ने यो विधेयक सशक्त कदम भएको उल्लेख गरिन्। अधिकार सुनिश्चितताका लागि सबै मिलेर विधेयकलाई व्यवहारमा उतार्नुपर्ने आवश्यकतालाई समेत उनले औंल्याएकी छिन्। सांसद हरिबहादुर भण्डारीले प्रदेशमा कानूनी संरचना नहुँदा दलित समुदायले समस्या भोगिरहेका सन्दर्भमा विधेयक आउनु सह्रानिय काम भएको बताए। संविधानले दिएका अधिकार सुनिश्चित गर्न अब कानूनी ढोका खुलेको भनाई उनको छ। जातीय भेदभाव अन्त्यबारे बहस भए पनि कार्यान्वयन हुन सकेको छैन, त्यसमा सरकारले गम्भीर ध्यान दिनुपर्ने विषयलाई उनले जोड दिएका छन्। सांसद विन्दु पौडेलले गण्डकीमा करिब ४ लाख ५० हजार दलित समुदाय रहेको र उनीहरू गरिबी, अशिक्षा र असमानताको घेराभित्र भएको उल्लेख गरिन्। शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक न्यायमा पहुँच दिलाउन दलित अधिकार तथा सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रभावकारी हुने अपेक्षा उनको छ। दलित बालबालिकाका लागि छात्रवृत्ति, छात्रावास र बालविवाह नियन्त्रणको विशेष प्रावधान समेत गरिनुपर्ने माग उनले राखेकी छिन्।

सांसद टिका कुमारी बस्यालले आज दलित समुदायका लागि ऐतिहासिक क्षण भएको उल्लेख गरिन्। सदियौँदेखि पीडा खेपेका दलित समुदायका हकअधिकार सुनिश्चित गर्ने कानूनी ढोका खुलेको उनले बताइन्। कार्यकारी उपाध्यक्षलाई प्राथमिकता दिनु विधेयकको सबल पक्ष भएको र यसले दलित समुदायको समानताको लडाइँलाई जिततर्फ पुऱ्याएको भनाई उनको छ।

सांसद यशोदा रिमालले विधेयक असाध्यै महत्वपूर्ण भएको हुँदा कार्यान्वयनको पाटोलाई ख्याल गर्नुपर्ने बताइन्। उनका अनुसार कानून मात्र पर्याप्त भएर हुँदैन, कार्यान्वयन पक्ष बलियो हुनुपर्छ। नेपालको संविधानलाई व्यवहारमा उतार्न यो ऐन प्रभावकारी हुने उनले उल्लेख गरिन्। जातीय विभेद अन्त्यका लागि नियमित समीक्षा गर्नुपर्ने विषयलाई उनले जोड दिएकी छिन्। सांसद दीलमाया पौवीले गण्डकी प्रदेशसभामा ६ जना दलित सांसद प्रतिनिधित्व गरिरहेको विषयलाई उठाइन्। विधेयकलाई कागजी दस्तावेजमा मात्र सीमित नराखी व्यवहारमा उतार्नुपर्ने आवश्यकता रहेको भनाई उनको छ। कमजोर भनिएका वर्ग सशक्त भए मात्र समाज बलियो हुने र समान अवसर सिर्जनामा यो विधेयक कोसेढुङ्गा बन्ने उनले उल्लेख गरिन्। जातीय विभेद र छुवाछुत अन्त्यतर्फ कानूनी ग्यारेन्टी, शिक्षा र रोजगारीमा पहुँच विस्तार, स्वास्थ्य तथा सामाजिक सुरक्षामा विशेष प्राथमिकता, दलित बालबालिकाका लागि छात्रवृत्ति र छात्रावासको व्यवस्था, महिला तथा बालबालिकामाथि हुने हिंसा र बालविवाह नियन्त्रण,परम्परागत सीप र पेशाको संरक्षण र प्रवर्द्धन जस्ता विषयलाई ऐनमा समावेश गरिएको छ।

गण्डकी प्रदेशसभाले पारित गरेको 'दलित अधिकार तथा सशक्तिकरण ऐन २०८२' केवल कानूनी प्रावधान मात्र नभई सामाजिक रुपान्तरणको आधारस्तम्भ मानिएको छ। संघ सरकारले अझै ल्याउन नसकेको दलित अधिकारसम्बन्धी कानूनी प्रावधान ल्याउन सफल भएको गण्डकी प्रदेशले समानता र न्यायतर्फको यात्रामा ऐतिहासिक कदम चालेको सांसदहरूको धारणा छ। मन्त्रालयले यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएको छ, जसले गण्डकीका दलित समुदायलाई समान अवसर र गरिमामय जीवनतर्फ अघि बढाउने अपेक्षा गरिएको छ।



डेभिजफलमा रमाउँदै पर्यटक : पोखराको छोरेपाटनस्थित पर्यटकीयस्थल डेभिजफल (पातले छाँगो) मा रमाउँदै पर्यटक। तस्बिर हरिप्रसाद बास्तोला/ रासस

# अरण्यज्योतिको चित्रकला प्रतियोगितामा प्रिया प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भाद्र



'हाम्रो पुस्तकालयः हाम्रो भविष्य' भन्ने अठारौँ पुस्तकलाय दिवसको नारालाई आत्मसात् गर्दै अरण्यज्योति पुस्तकालयको आयोजनामा माध्यमिक तह स्तरिय चित्रकला प्रतियोगिता हालै सम्पन्न भयो।

पोखरा महानगरपालिका वडा नं १३ स्थित पुस्तकालयले हरेक वर्षझैं यस वर्ष पनि पुस्तकालय दिवसको पूर्वसन्ध्यामा चित्रकला प्रतियोगिता आयोजना गरिएको हो। प्रतियोगितामा बालविद्याकी छात्रा प्रिया महतो प्रथम, भद्रकाली माविकी छात्रा रितु नेपाली द्धित्तिय, बेसलाइनकी छात्रा सोनिया रसाइली तृतीय र इडेन्स एकेडेमीका रोशव खत्रीले सान्त्वना भएकी छिन्।

कलाकार सुनिल सिग्देलले प्रतियोगितामा सहभागीहरुलाई कार्डबोर्ड प्रदान गरि कार्यक्रमको उद्घाटन गरेका थिए। मनको भावना पोख्ने र कलाको सबैभन्दा उत्कृष्ट माध्यम चित्रकला भएको सिग्देलले भने। आफु विद्यार्थी जीवनबाट नै यस क्षेत्रमा लाग्दै आएको र जित्नुभन्दा प्रतिस्पर्धामा भाग लिनु सवैभन्दा राम्रो भएको सिग्देलले वताए। पुस्तकालय परिसरमा बसेर लोककवि अलिमियाँको भूमि पनि यहीं भएको स्मरण गर्दै सह-सचिव धर्मराज पौडेल'अल्पायु' ले अलिमियाँको सम्झनामा गीतलयमा रचना प्रस्तुत गरेका थिए। पुस्तकालयका अध्यक्ष यदुराज पगेनीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष गमबहादुर गुरुङले स्वागत र सचिव किशन भण्डारीले साहित्यमाय लयमा संचालन गरेका थिए।

# पोखरा-३३ भरतपोखरीमा बाघमारा महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भाद्र




कास्कीको दक्षिण भेग स्थित पोखरा महानगरपालिका वडा नं ३३ भरतपोखरीको बाघमारामा महोत्सव हुने भएको छ। स्थानीय शुभतारा युवा क्लबको आयोजनामा यही भदौ १९ देखि ३० गतेसम्म महोत्सव हुने सोमवार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो।

क्लबका अध्यक्ष देबेन्द्र सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा सदस्य पुकार कार्कीले स्वागत गर्दै महोत्सवका वारेमा वताएका थिए कल्बका सचिव स्वागत भुसालले सञ्चालन गरेको पत्रकार सम्मेलनमा बोल्दै पोखरा महानगरपालिका वडा नं ३३ का वडाध्यक्ष रामचन्द्र अधिकारीले बाघमारा महोत्सवले त्यस क्षेत्रको कला, संस्कृति र पर्यटनलाई प्रोत्साहन गर्ने,स्थानीय भाषा, गीत, नृत्य, पोशाक, परम्परा र हस्तकला जस्ता सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने, विभिन्न समुदाय र जनजातिहरूलाई एकै मञ्चमा ल्याएर आपसी समझदारी र सहकार्य बढाउँने तथा स्थानीय उत्पादन, हस्तकला, परिकार र पर्यटन गतिविधिलाई बजारसँग जोड्ने अवसर प्रदान गरी आयमा वृद्धि गर्ने अपेक्षा आफूले गरेको वताए। उनले भरतपोखरीका युवाहरुले संगठित भइ खेलकुद, मनोरञ्जनात्मक गतिबिधि लगायत समग्र शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार वातावरण संरक्षण लगायतका विकास निर्माणका कार्यमा सहजीकरणको भूमिका खेल्न महोत्सव महत्वपूर्ण हुने विश्वास लिएको उल्लेख गरे। महोत्सव सांस्कृतिक, सामाजिक, आर्थिक र शैक्षिक दृष्टिले महत्वपूर्ण बनाउन क्लबलाई सुझाव दिए। लेखनाथ पत्रकार मञ्चका अध्यक्ष विष्णुहरि पौडेल,निवर्तमान अध्यक्ष कविराज खनाल,स्थापनाकालीन अध्यक्ष भीमपाणि बराल,नेपाल टेलिभिजनका संवाददाता परशुराम शर्मा र पुष्प दाहाल,रेडियो सराङ्गकोटका कमल पौडेल अथक, नेशनल एफ एमका सन्दिप पौडेल,रामशरण नेपाली लगायतका पत्रकारहरुका जिज्ञासाको उत्तर दिँदै क्लबका अध्यक्ष देबेन्द्र सापकोटाले सांस्कृतिक संरक्षण ,सामाजिक एकता, आर्थिक प्रवर्द्धन,पर्यटन आकर्षण, शिक्षा ,चेतनाका लागि महोत्सव गरिन लागेकाले सञ्चारकर्मीहरुको सहयोगको आशाा गरेका थिए। महोत्सवमा जम्मा १४५ स्टल रहनेमा ७० बढी बुकिङ्ग भैसकेको उनले जानकारी दिए। विभिन्न बस्तु तथा सेवाका स्टलहरुका साथै महोत्सवमा फेन्सी, गार्मेन्ट, भाँडा,कृर्षि,बैक बित्तिय, रेष्टुरेण्ट लगायतका स्टलहरु रहने भएका छन्। बालउद्यान , रत्यौली विद्यालयस्तरीय नृत्य रहने आयोजकले जनाए। शुभतारा युवा क्लब सामाजिक, सांस्कृतिक तथा युवकहरूमा चेतना प्रवर्द्धन गर्न २०७० साल स्थापित संस्था हो। स्थापना कालदेखि नै विविध सामाजिक कार्यहरू गर्दै आइरहेको यो क्लबले स्थानीय समाजको विकास, कला, संस्कृति, खेलकुद र युवाहरूको प्रतिभा प्रवर्द्धनमा निरन्तर सक्रिय भूमिका खेल्दै आएको छ। भरतपोखरीमा वि सं २०६९ सालमा पनि स्थानीय बरेली युवा क्लबको आयोजनामा प्रथम भरतपोखरी हुँडीकोट महोत्सव सम्पन्न भएको थियो भने यसपटक बाघमारा महोत्सव गर्न लागिएको हो। महोत्सव सम्पन्न गर्न करीव ४० लाख खर्च लाग्ने अनुमान क्लबको रहेको छ।

# गण्डकी प्रदेशमा भौतिक र वित्तीय प्रगति चार वर्षयताकै उच्च

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भाद्र

गण्डकी प्रदेशमा भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयमा भौतिक तथा वित्तीय प्रगति चार वर्षयताकै उच्च रहेको छ।

गण्डकी प्रदेशसभाको सोमबारको बैठकमा यसअघि प्रदेशसभा बैठकका शून्य तथा विशेष समयमा उठेका प्रश्नको जवाफ दिँदै भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्री प्रकाशबहादुर केसीले यस वर्र्षको भौतिक प्रगति ७९.९१ प्रतिशत र वित्तीय प्रगति ७६.५२ प्रतिशत पुगेको र यो चार वर्षयताकै उच्च रहेको बताउनुभयो। सडकतर्फ आव २०८१/०८२ सम्म जम्मा २३१ वटा बहुवर्षीय योजना क्रमागत रुपमा सञ्चालनमा रहेकामा ४५ वटा बहुवर्षीय सडकका योजना सम्पन्न भएको उहाँले जानकारी दिनुभयो। त्यसैगरी आव २०८१/०८२ मा २४५.८८ किमी प्रादेशिक सडक कालोपत्रे/पक्की, ६६.७३ किमी सडक चौडा र ग्राभेलस्तरमा स्तरोन्नति गरिएको र २९३.६९ किमी कच्ची सडक नियमित मर्मतसम्भार गरिएको छ। उहाँका अनुसार सडक पुलतर्फ जम्मा ६९ वटा बहुवर्षीय वर्षीय योजना क्रमागत रुपमा सञ्चालनमा रहेकामध्ये १५ वटा योजना सम्पन्न भएका छन् भने झोलुङ्गे पुलतर्फ जम्मा १७ वटा बहुवर्षीय योजना सञ्चालनमा रहेकामा चार वटा सम्पन्न भएका छन्। भवनतर्फ जम्मा चार वटा बहुवर्षीय योजना सञ्चालनमा रहेकामध्ये एउटा सम्पन्न भएको छ। गण्डकी प्रदेशसभा भवनको ठेक्का सम्झौता भई यही भदौ ३ गते शिलान्यास गरी निर्माण सुरु भएको उहाँले जानकारी दिनुभयो। यातायाततर्फ राइड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली, २०८२ जारी भएको र केही समयभित्रै कार्यान्वयन हुने उहाँले बताउनुभयो। मन्त्रालयको जिम्मेवारी सम्हालेको एक वर्ष पूरा भएको जानकारी दिँदै उहाँले यस अवधिमा मन्त्रालयका काम कारबाहीमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको बताउनुभयो। उहाँका अनुसार आव २०८२/०८३ को बजेटमा नयाँ जारी हुने सवारी चालक अनुमतिपत्र प्रदेशबाटै छपाइ गर्ने गरी आवश्यक बजेट विनियोजन भएको र सवारी कर तथा सवारी दर्ता किताब नवीकरण अनलाइन माध्यमबाट गर्न बजेट विनियोजन गरिएको छ।

सवारीसाधन 'ट्रायल'मा भएको 'सिण्डिकेट' हटाई आ-आफ्नो सवार ीसाधनबाट ट्रायल दिन पाउने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो। सवारी चालक अनुमतिपत्रको नतिजा १० दिनभित्र गर्नेमा दुई दिनभित्र गर्ने निर्देशन दिइएको जानकारी मन्त्री केसीले दिनुभयो। पुम्दीभुम्दी फेदीखोला सडक मर्मत सम्पन्न भए तापनि निर्माण व्यवसायीका कारणले अन्तिम बिलको भुक्तानी नलिएको ठेक्का चालु अवस्थामा रहेको हुँदा मर्मत निर्माण व्यवसायी आफैं गर्नुपर्ने उल्लेख गर्दै उहाँले नियमानुसार सम्पन्न गर्न निर्माण व्यवसायी र कार्यालय प्रमुखलाई निर्देशन दिइएको जानकारी दिनुभयो। कुस्मीसेरा बरेङ शान्तिपुर सडक निर्माण ढिलासुस्ती भएको जानकारीप्राप्त भएपछि मन्त्रालयमा तुरुन्त निर्माण व्यवसायीलाई बोलाइ छलफल गरी निर्माण तत्काल अगाडि बढाउन निर्देशन दिइएको उहाँको भनाइ छ। पहिलो चौमासिकको सुरुमा २० लाख रुपैयाँभन्दा माथिका सालवसाली योजना ठेक्का प्रक्रियामा लान समयमा नै मन्त्रालयवाट पत्राचार गरी सोअनुसार मातहतका कार्यालयबाट कार्य भएको र सो कार्यले गुणस्तर कायम भएको उहाँको जिकिर छ। प्रदेश सरकारबाट सञ्चालित बहुवर्षीय योजनामा न्यून बजेट भएका योजनामा सालवसाली योजनाबाट ठेक्का व्यवस्थापन गरी दुई अर्ब ३५ करोड ९३ लाख ८१ हजार रुपैयाँ बचत रकम नियमानुसार बहुवर्षीय योजनाहरुमा रकमानान्तर गरी केही भए पनि बजेट अभावको समस्या समाधान गरिएको उहाँको भनाइ छ। बहुवर्षीय योजनामा नपुग रकम प्रायः सबै जिल्लामा सालवसाली ठेक्का व्यवस्थापन भएर बचत भएको रकमलाई काम भएका बहुवर्षीय योजनामा रकमान्तर गरी भुक्तानी दिएको र बाँकी सम्पन्न भएपछि आगामी वर्षमा भुक्तानी हुने उहाँले बताउनुभयो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# गौरा पर्व

मिनबहादुर साउद

नेपाल संसारकै सबभन्दा ठूलो एसिया महादेशको सिरमा अवस्थित एउटा भूपरिवेष्ठित सार्वभौमसत्ता सम्पन्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो। विश्वको मानचित्रमा नेपालको सिमाना २६ डिग्री २२ मिनेट देखि ३० डिग्री २६ मिनेट उत्तरी अक्षांश र ८० डिग्री ४ मिनेट देखि ८० डिग्री १२ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको छ । क्षेत्रफलका आधारमा यो एउटा सानो मुलुक भएतापनि जैविक, प्राकृतिक, सास्कृतिक विविधताले भरिएको छ । पूर्व मेचिदेखि पश्चिममा महाकाली र उत्तरमा हिमालदेखि दक्षिणमा तराईका फाँटमा बस्ने मानिसहरूको आ-आफ्नै भेषभूषा, रीति-रिवाज, परम्परा र सँस्कृति छन्। विभिन्न जातजाति धर्म र सम्प्रदायको साझा फूलबारीको रूपमा प्राचीन कालदेखि वर्तमान समयसम्म आइपुदा पनि धार्मिक तथा सास्कृतिक सहिष्णुतालाई राष्ट्रिय एकताको रूपमा जोगाइराख्न सफल रहेको छ। यी र यस्तै पहिचान वोकेको नेपालको सुदूरपश्चिम विकासको दृष्टिकोणले राष्ट्रको मूलप्रवाहमा आफूलाई समाहित गर्न नसकेता पनि साँस्कृतिक र ऐतिहासिक रूपमा निकै समृद्धिशाली छ।

सुदूरपश्चिम क्षेत्र आफ्नो मौलिक साँस्कृतिक पहिचानमा निकै समृद्धशाली छ । यस क्षेत्रका लोक भाषा, लोक साहित्य, लोक कला, परम्परा र मनाइने चाडपर्वहरू मौलिक एवं गौरवशाली छन् । यहाँ मनाइने विभिन्न चाडपर्वहरूमध्ये गौरा पर्व यस क्षेत्रको विशिष्ट पर्व हुनुका साथै साझा पर्व पनि हो । सुदूरपश्चिम तथा कर्णाली प्रदेशको अधिकांश क्षेत्रहरूमा गौरा पर्वलाई पूर्ण धार्मिक निष्ठाका साथ हर्सोल्लास र उत्साहपूर्ण वातावरणमा मनाइन्छ । गौरा पर्वको आफ्नै विधि-विधान र साहित्य छ। गौराको लोक साहित्यमा ठाउँ अनुसार विविधता पाइन्छ। लोक गाथाहरूका रचनाकार अज्ञात हुनु र अलिखित हुनाले मूल पाठ, समयअनुसार परिवर्तनशील हुनुले गर्दा पनि यसमा विविधता आएको छ। गौरा पर्वको लागि देश विदेशबाट घर फर्किने तथा परिवारका सम्पूर्ण सदस्यहरूको लागि नयाँ लुगा सिलाउने प्रचलन रहेको छ।

यो पर्व खासगरी भाद्र महिनाको पञ्चमीदेखि शुरू भएर नवमीसम्म अथवा ठाउँ विशेष हेरेर त्यो भन्दा लामो अवधिसम्म पनि मनाइन्छ। यस पर्वमा विवाहित महिलाहरूले व्रत बसी आफ्नो परिवार तथा आफन्तहरूको दीर्घायु एवं सुख शान्तिको कामना गर्दै (लोक, संस्कृति, भाषा, धर्म झल्किने किसिमले) गौरा-महेश्वर (पार्वती - शिव) को पूजा गर्दछन् । गौरा पर्व खासगरी सुदूरपश्चिम र कर्णाली प्रदेशका केही भागहरू र हाल काठमाण्डौ लगायत पोखरामा पनि मनाइन्छ। पञ्चमीका दिन गौरा पर्वको प्रसिद्ध प्रसाद मानिने विरुडा (गहुँ, मास, गुराँस, सानो केराउ र गहतको मिश्रण) लाई धार्मिक रीति अनुरूप देवी देवताको गीतहरू (सगुन तथा फाग गाएर भिजाउने गरिन्छ । त्यसैले यो पञ्चमीलाई विरुडा पञ्चम भनिन्छ । पञ्चमीका दिन भिजाएको विरुडालाई शुभ-मुहूर्त हेरी गाउँ तथा टोल भरीका ब्रतालु महिलाहरूले गौरा देवीको गुणगान गाउँदै षष्ठीको दिन सामुदायिक पँधेरोमा गई धुने गरिन्छ । सप्तमीका दिन विभिन्न वनस्पतीहरूबाट गौराको पुल्ता बनाएर गौरालाई गौराघरमा भित्र्याउने काम गरिन्छ।

अष्टमीका दिन गौरा-घाटबाट गौरालाई मन्दिरको चौर (गौरा-खलो) मा ल्याइन्छ। आठ अध्यायमा अठेवाली गाई गौरा महेश्वरको पूजा गरिन्छ । गौरा सित महेश्वरको विवाह गरिन्छ। गौरा देवीका ब्रतालु महिलाहरूले गौरालाई फाग, सगुन गाउँदै विरुडा, फलफूलले पुज्ने गर्दछन् । यसरी पुजिएको प्रसादलाई सामूहिक रूपमा एकैचोटि फल फट्काएर वितरण गर्ने गरिन्छ। ब्रतालु महिलाद्वारा आफ्नो श्रीमान्, घरपरिवार र आफन्तहरूको विरुडाले मुण्डो (शिर) पुज्ने कार्य गरिन्छ। साथै गौरादेवीसँग उनीहरूको दीर्घायु, सुसम्पन्नताको वर्दान मागी आशीर्वाद दिने चलन छ। घर भन्दा टाढा रहेका आफन्त तथा इष्टमित्रलाई विरुडाको प्रसाद पठाउने चलन रहिआएको छ। सप्तमीका दिन गौराको पुल्तामा चढाएको दुबधागो विवाहित महिलाले गौराको प्रसादको रूपमा घाँटीमा लगाउने गर्दछन्। दुबधागो भनेको विवाहित महिलाले घाँटीमा लगाउने एक प्रकारको विशेष धागोको माला हो।

नवमीका दिन अथवा अन्य कुनै शुभ दिन हेरी विवाहित गौरालाई छोरी चेली जस्तै गरी भावपूर्ण गीत गाई हर्सोल्लासका साथ गाउँ नजिकैको प्रसिद्ध स्थानमा लगेर विदाइ गरिन्छ। यस कार्यक्रमलाई चैतोल अथवा गौरा सेलाउने पनि भनिन्छ। गौरा पर्वको अवधि ठाउँ अनुसार फरक रहेको पाइन्छ।

खुङ्गाको विशेष प्रकारको चाल मिलाएर गोलो घेरामा सामूहिक रूपमा खेलिने खेललाई देउडा भनिन्छ। यो खेलमा अन्य खेलाडीहरूको साथसाथै दुईजना गीत हाल्ने व्यक्तिहरू (गीदारा) हुन्छन् । यो खेल विभिन्न समसामयिक घटनामा आधारित भएर प्रश्न उत्तर शैलीमा खेलिने भएकोले, खेल्ने र सुन्ने दुवै प्रकारका व्यक्तिहरूको लागि उत्तिकै रोमाञ्चकारी हुन्छ । त्यस्तै धर्मग्रन्थ, देवीदेवता तथा राजारजौटाहरूको इतिहासको चरित्र चित्रण, जीवनी र कहानीलाई समावेश गरी विभिन्न



तालमा खेलिने खेललाई ठाडो भाका भनिन्छ । यो खेलमा ढोलक र मिजुरा जस्ता वाद्य यन्त्रहरूको प्रयोग गरिन्छशाही शुक्ला वन्यजन्तु आरक्षण केन्द्र, खप्तड राष्ट्रिय निकुञ्ज, अपि र सप्तल जस्ता अनेकौं मनमोहक प्राकृतिक छटाहरू यस क्षेत्रमा अवस्थित छन् । वाजुराको बढीमालिका, बझाङ्गो साममन्दिर, अछामको वरदादेवी र बैजनाथ, डोटीको शैलेश्वरी, कैलालीको शिवजी मन्दिर, कञ्चनपुरको सिद्धिवावा ज्वालादेवी, डडेलधुराको उग्रतारादेवी, वैतडीको जगन्नाथ र दार्चुलाको तपोवन जस्ता अनेकौं प्रसिद्ध धार्मिक स्थलहरू यस क्षेत्रमा यस क्षेत्रको धार्मिक महत्वलाई प्रस्फुटित गरेको पाइन्छ । अति महत्वपूर्ण धार्मिक, पर्यटकीय र प्राकृतिक विविधताहरू भएतापनि प्रचार-प्रसार, सडक संजालको विस्तार र राज्यले उचित ध्यान नपुर्‍याएका कारण यस्ता महत्व ओझेलमा पर्नुको साथै स्थानीय स्तरमा मात्रै सीमित रहेको छ । नेपाल एक संघीय लोकतान्तिक गणतन्त्रमा प्रवेश भएको यस परिप्रेक्ष्मा यस क्षेत्रको समग्र विकासका लागि राज्य स्तरबाटै विशेष ध्यान दिएमा यस क्षेत्रमा वसोवास गर्ने आम मानिसहरूको आर्थिक र सामाजिक उन्नति हुने थियो भन्ने कुरामा अत्युक्ति नहोला । यसर्थ, विभिन्न मौलिक पहिचान, साँस्कृतिक एवं ऐतिहासिक पृष्ठभूमि बोकेको सुदूरपश्चिमको समग्र विकासको लागि सम्बन्धित निकायको ध्यान जानु आजको आवश्यकता हो।

लेखक भद्रकाली माविमा अध्यापन गर्नुहुन्छ।

# कृत्रिम गर्भाधानले दूध उत्पादन बढाउँदै

पोखरापत्र संवाददाता
बागलुङ, १६ भाद्र

पछिल्लो समय बागलुङमा कृत्रिम गर्भाधानमा पशुपालक किसान आकर्षित भएका छन्। दूधको उत्पादन तीन गुण बढ्न थालेपछि किसान कृत्रिम गर्भाधानतर्फ अघि बढेका छन्।

आर्थिक वर्ष २०८१/८२ मा अस्पताल तथा गर्भाधान केन्द्रमा पुगेर एक हजार चार सय ५२ गाई र एक हजार ९१ भैंसी गरी दुई हजार पाँच सय ४३ पशुमा कृत्रिम गर्भाधान गरिएको भेटेरेनरी अस्पताल तथा पशु विज्ञ केन्द्र बागलुङले जनाएको छ । खासगरी व्यावसायिक पशुपालन फर्मका गाईभैंसीलाई कृत्रिम गर्भधान गर्न थालिएको हो। विसं २०७६/७७ मा एक हजार छ सय गाईभैंसीको कृत्रिम गर्भाधान गरेकोमा त्यसको सङ्ख्या क्रमश बढेर अहिले दुई हजार पाँच सय ४३ पुगेको हो।

आर्थिक वर्ष २०७७/७८ एक हजार आठ सय, आर्थिक वर्ष २०७८/७९, एक हजार आठ सय, आर्थिक वर्ष २०७९/८० एक हजार सात सय, आर्थिक वर्ष २०८०/८१ दुई हजार दुई सय गाईभैंसीमा कृत्रिम गर्भाधान गरिएको थियो। बागलुङ जिल्लामा हाल आठ वटा कृत्रिम गर्भाधान केन्द्र रहेका छन् भने १२ जना कृत्रिम गर्भाधानकर्ता सक्रिय रहेर सेवा दिइरहेका छन् । भेटेरेनरी अस्पताल तथा पशु विज्ञ केन्द्रको अस्पतालमार्फत छ सय ४१ पटक र अन्य स्थानमार्फत एक हजार नौ सय दुई पटक सेवा दिइएको छ। पछिल्ला वर्षहरूमा कृत्रिक गर्भाधान सेवाको माग र प्रभावकारिता दुवै बढ्दै गएको भेटेरेनरी अस्पताल तथा पशु विज्ञ केन्द्रका प्रमुख डा ऋषिराम सापकोटाले जानकारी दिनुभयो । किसानको दूधको उत्पादन वृद्धिसँगै उन्नत जातको गाईभैंसी उत्पादनमा कृत्रिम गर्भाधानले ठूलो योगदान पुऱ्याएको सापकोटाको भनाई छ। विर्य खरिद स्वयं किसानको हुन्छ भने ढुवानी र सेवा पशु विज्ञ केन्द्रको हुनेछ।

कृतिम गर्भाधानले उत्पादन वृद्धि, जात सुधार, रोग नियन्त्रण, खर्च र समयको बचत लगायतको फाइदा पुग्ने पशुपालक किसान नन्दलाल सापकोटाले जानकारी दिनुभयो । गुणस्तरीय जातका गाईभैंसीबाट प्राप्त विर्य प्रयोग गर्ने भएकाले दूध उत्पादन गर्ने क्षमता बढी भएको सन्तान प्राप्त गर्ने गरेको पाइन्छ। यस्तै विदेशी वा उच्च उत्पादन दिने जातका पशुको विर्य प्रयोग गरेर स्थानीय जात सुधार गर्न गर्दा दूधको उत्पादनमा तीन गुणासम्म वृद्धि भएको पशु प्राविधिकहरु बताउँछन्।

# हिलाम्मे सडकले ढोरपाटन आउने पर्यटकलाई सास्ती

पोखरापत्र संवाददाता
बागलुङ, १६ भाद्र

नेपालको एकमात्र शिकार आरक्ष ढोरपाटन पुग्ने सडकको दुरावस्थाका कारण पर्यटकले सास्ती खेप्नुपरेको छ । राष्ट्रिय प्राथमिकताको आयोजनाका रुपमा रहेको सालझण्डी-ढोरपाटन सडक ट्र्याक खुलेको १० वर्ष बित्दा पनि स्तरोन्नति भएको छैन । ढोरपाटनको प्रवेशद्वार बुर्तिवाङदेखि बोबाङसम्म सडक सहज भए पनि त्यसभन्दा माथि निकै अप्ठ्यारो छ।



साँघुरो सडक खाल्डाखुल्डी र हिलाम्मे हुँदा पर्यटकका सवार साधान ढोरपाटन पुग्न हम्मेहम्मे पर्छ। यस बेला अधिकांश पर्यटक मोटरसाइकल र जिपमा आउने गर्दछन् । पर्यटकले प्रयोग गर्ने सवारीसाधन बीचबाटोमै बिग्रिने गरेको छ । वर्षाले सडकमा लेदोसहितको हिलो र ढुङ्गा थुपारेको छ । रुम्देहीको सालझण्डीदेखि अर्घाखाँची हुँदै सडक ढोरपाटन जोडिएको छ। सडक साँघुरो र हिलाम्मे हुँदा वस्तुभाउ र मान्छेलाई लेकवेंसी गर्ने सकस हुने ढोरपाटन नगरपालिका-९ का वडाअध्यक्ष खीमबहादुर घर्तीमगरले बताउनुभयो । उहाँले भन्नुभयो, "यो सडकका कारण यस क्षेत्रका हजारौं नागरिक र आगन्तुकले दुःख पाउनुपरेको छ, निर्माण कम्पनीले समयमै काम गरी दिएको भए अहिलेसम्म सकिने थियो, हामीहरुले बारम्बार काम गर्नका लागि आग्रह गऱ्यौं तर कार्यान्वन भएन।" नवलपुरबाट ढोरपाटन घुम्न आउनुभएका तुफान सापकोटाले फल्लेघरभन्दा तल पट्टीको सडकमा गाडी बिग्रिँदा दुईदिन अलपत्र परेको गुनासो पोख्नुभयो। सामाजिक सञ्जालमा ढोरपाटनको मनमोहक तस्विर र भिडियो देखेर घुम्न आएको सुनाउँदै सडकका कारण दुःख पाएको उहाँको भनाइ छ। "ढोरपाटन यति सुन्दर छ, तर यहाँसम्म आउने सडकको अवस्था निकै खबरा रहेछ, हामीहरु यहाँको सुन्दरता देखेर आएका थियौं, यस्तो सडक छ भन्ने थाहा पाएको भए आउने थिएनौं", उहाँले भन्नुभयो।

विसं २०७१ मा बागलुङ खण्डमा सडक ट्र्याक खुलेको थियो । गङ्गरेदेखि ढोरपाटनसम्म ६१ किलोमिटर छ। सालझण्डीदेखि ढोरपाटनसम्म १९७ किलोमिटर रहेको छ। बडिगाड गाउँपालिका-१० गङ्गरे, निसीखोला गाउँपालिका-७ राजकुट, वडा नम्बर १ देवीस्थान हुँदै ढोरपाटन जोडिएको सडक स्तरोन्नतिका लागि चार वर्ष अगाडि ठेक्का सम्झौता भएको थियो। हालसम्म काम हुन नसकेको हो।

# अन्नबाली जोगाउन मध्यरातसम्म गस्ती

पोखरापत्र संवाददाता
मुस्ताङ, १५ भाद्र

घरपझोङ गाउँपालिका-१ चिमाङ गाउँमा हिमाली भालुको आतङ्कले बालीनाली सखाप पार्ने क्रम नरोकिएपछि त्यहाँका किसान दैनिक मध्यरातसम्म भालु धपाउन गस्तीमा खटिने गरेका छन् । यहाँका किसानले उत्पादन गरेको स्याउलगायत अन्नबाली भालु पसेर खाइदिएपछि चिमाङ गाउँमा पाँचपाँच जनाको सातवटा समूह बनाएर पालैपालो भालुको गस्ती गर्न थालेका छन्।

स्थानीय सुकबहादुर विश्वकर्माका अनुसार यहाँका किसानलाई भालुले अन्नबाली सखाप पारेर सास्ती दिएको छ । एक्याप संरक्षित क्षेत्रमा हिमाली वन्यजन्तु कालो भालु र मानवबीचको द्वन्द्व बढ्दै जान थालेको छ। समुद्री सतहबाट तीन हजार मिटरको उचाइमा रहेको चिमाङ गाउँ बेनी-जोमसोम सडकमार्गको कालीगण्डकी पारि अग्लो भिरालो स्थानमा अवस्थित छ । घनाजङ्गलको फेदमा अवस्थित त्यहाँका किसानलाई खेतबारीमा लगाएको अन्नबाली जोगाउन धौधौ परेको छ। त्यहाँ उवा र जौँबाहेक सबै अन्नबाली भालुले सखाप पारिदिने गरेको छ । अन्नपूर्ण संरक्षण आयोजना, इलाका संरक्षण कार्यालय मातहतमा रहेको चिमाङ गाउँमा हिमाली कालो भालुको जत्थाले किसानले उत्पादन गरेको बालीनाली सखाप पारिदिन थालेपछि किसान चिन्तित बनेका छन्। यो समस्या यहाँका किसानले वर्षौंवर्षदेखि झेल्दै आएका छन् । किसानले उत्पादन गरेको स्याउ, फापर, मकै, सिमी र हरियो ताजा तरकारीलगायत अन्नबाली कालो भालु रातको समयमा खेतबारीमा पसेर सखाप पारिदिने गरेको स्थानीय किसानको भनाइ छ। घरपझोङ गाउँपालिकाले किसानको खेतबारीमा ग्याभिनसहित तारजाली लगाएको थियो। तर यहाँ लगाइएको घेराबार तालजालीमाथि उक्लिएर भालुले खेतबारीमा लगाएको अन्नबाली नोक्सान पारिदिएको घरपझोङकी कार्यपालिका सदस्य मनि विश्वकर्माले जानकारी दिनुभयो।

चिमाङ गाउँ कृषि उत्पादनमा निकै सम्भावना भएको गाउँ हो । यहाँका किसान कृषिमा आत्मनिर्भर छन्। तर, यहाँको मुख्य आम्दानीको रूपमा रहेको कृषि व्यवसायलाई भालुको आतङ्कले दुःख दिन थालेपछि किसान समस्यामा परेका हुन्। भालुको आतङ्क रोक्न गाउँका खेतबारीमा लगाएको तारजालीले काम नगरेपछि त्यसको विकल्पमा एक्याप जोमसोमले गत वर्ष भालु धपाउने यन्त्र (साइरन) जडान गरेको कार्यपालिका सदस्य विकले उल्लेख गर्नुभयो। तर, त्यस प्रकारको यन्त्रले पनि भालुको आतङ्क रोक्न असफल भएको उहाँले स्पष्ट पार्नुभयो। चिमाङ गाउँका खेतबारीमा तारजाली र भालु धपाउने यन्त्र जडान गरे पनि त्यसले काम नगरेपछि त्यहाँका किसानले छ-सात जनाको समूह बनाएर दैनिक हेरालो बस्न सुरु गरेका थिए। एक्यापले भालु नियन्त्रण गर्न तीन जना कर्मचारीको पारिश्रमिकबापत एक लाख ३० हजार बजेट विनियोजन गरेको थियो। तर भालु नियन्त्रण गर्न तीन कर्मचारीले मात्र नपुगेपछि छ-सात जनाको समूह बनाएर पारिश्रमिक बाँडफाँट गर्‍यो। चिमाङकी स्थानीय कार्यपालिका सदस्य मनि विश्वकर्माले गाउँमा भालु आयोकि भनी खेतबारीमा गस्ती गर्ने गरेको बताउनुभयो। किसानले कृषि उपजको संरक्षण गर्न एक्याप जोमसोमले परीक्षणका रूपमा विद्युतीय तारजाली निर्माण गरेको कार्यालय प्रमुख राजेश गुप्तले जानकारी दिनुभयो।

सौर्य ऊर्जा प्रणालीबाट विद्युत् प्रवाह हुनेगरी भालु नियन्त्रण गर्न एक हजार २७० मिटर क्षेत्रफलमा विद्युतीय घेराबार निर्माण गरेको कार्यालय प्रमुख गुप्तले बताउनुभयो। उहाँले यस कार्यका लागि रु चार लाख बजेट खर्च भएको जानकारी दिनुभयो। चिमाङ गाउँमा मात्र होइन, भालुले थासाङ गाउँपालिकामा पनि बर्सेनि भालुको आतङ्कले किसानको बालीनाली सखाप पारिदिने गरेको छ। यहाँको कुञ्जो, ताक्लुङ, छयो, भिङ्मा देउराली, सौरु, सिर्खुम र नाउरिकोटलगायत स्थानमा कालो भालुको आतङ्कले किसानलाई निकै सास्ती दिने गरेको छ।

# कोशी ब्यारेजका ३४ ढोका खोलिए

रासस
धरान, १६ भाद्र

सप्तकोशी नदीमा जलसतह बढ्दै गएको छ। जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रवक्ता योगराज खतिवडाका अनुसार आज दिउँसो ४:०० बजे गरिएको जल सतह मापनमा कोशी ब्यारेजमा पानीको प्रवाह प्रतिसेकेण्ड दुई लाख ५६ हजार १० क्युसेक पुग्दा ३४ ढोका खोलिएका छन्।

दिउँसो ३:०० बजे दुई लाख ४९ हजार १०५ प्रतिसेकेण्ड पानीको प्रवाह मापन गर्दा ३२ ढोका खोलिएका थिए । आइतबार बेलुका १०:०० बजे गरिएको जलसतह मापनमा कोशी ब्यारेजमा पानीको प्रवाह प्रतिसेकेण्ड दुई लाख २६ हजार ५६० क्युसेक पुग्दा ३१ ढोका खोलिएका थिए । प्रवक्ता खतिवडाका अनुसार कोशी ब्यारेजका ५६ ढोकामध्ये अहिले ३४ ढोका खोलिएका छन्। कोशी ब्यारेजमा पानीको प्रवाह एक लाख ५० हजार क्युसेक नाघेपछि खतराको सङ्केत स्वरूप रातो बत्ती बाल्ने गरिन्छ। सोहीअनुसार अहिले रातो बत्ती बालिएको कन्ट्रोल रुमले जनाएको छ । पहाडी भेगमा भइरहेको वर्षाका कारण जलसतह बढ्दै गएको हो।

# लोमान्थाङमा 'टप अफ दी वर्ल्ड गल्फ क्लासिक' हुने

पोखरापत्र संवाददाता
पोखरा, १६ भाद्र

विश्वकै उच्च भागमा हुने प्रतिष्ठित गल्फ प्रतियोगिता 'टप अफ दी वर्ल्ड गल्फ क्लासिक' को चौथो संस्करण यही भदौ २८ र २९ गते हुने भएको छ।

मुस्ताङको लोमान्थाङमा अवस्थित समुद्री सतहदेखि चार हजार सात सय मिटर उचाइमा रहेको लोवथाङ गल्फ कोर्समा प्रतियोगिता हुने आयोजक मुस्ताङ गल्फ कोर्सले आइतबार पोखरामा पत्रकार सम्मेलन गरी जानकारी दिएको हो।

उक्त प्रतियोगितामा स्वदेश तथा विदेशबाट गरी ६० भन्दा बढी गल्फरहरूको सहभागिता रहने आयोजक संस्था मुस्ताङ गल्फ कोर्सका प्रबन्ध निर्देशक इन्द्रधारा विष्टले जानकारी दिनुभयो । उहाँका अनुसार यस संस्करणमा नेपालका शीर्ष गल्फ खेलाडीहरूले प्रतिस्पर्धा गर्नेछन्। गत वर्षसम्म नौ होलमा सीमित प्रतियोगिता यस वर्ष १८ होलमा विस्तार गरिएको छ। प्रतियोगिताका विजेतालाई क्रमशः रु ३० हजार, रु २० हजार र रु १० हजार नगदसहित ट्रफी प्रदान गरिने छ।

यसैगरी 'होल इन वान' गर्ने भाग्यशाली खेलाडीलाई पुरस्कार स्वरूप घोडा दिइने प्रबन्ध निर्देशक विष्टले बताउनुभयो । यो पुरस्कार विश्वभरका गल्फरहरूका लागि अनौठो हुने उहाँको भनाइ छ। प्रतियोगिता 'स्टेवलफोर्ड' ढाँचामा खेलाइने छ । जसअन्तर्गत विजेता, उपविजेता, बेस्ट ग्रस, लेडी विजेता, सिनियर विजेता, 'क्लोजेस्ट टु द पिन', 'मस्ट बर्डिज', र 'लङ्गेस्ट ड्राइभ' का लागि छुट्टाछुट्टै पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ। यसैगरी यसवर्षको संस्करण 'टी फर क्लाइमेट' भन्ने नारासहित सञ्चालन हुने विष्टले बताउनुभयो। "मुस्ताङ अहिले जलवायु सङ्कटको चपेटामा छ । यसबारेमा विश्वको ध्यानाकर्षण गराउन हामी उच्च स्थानको गल्फ कोर्सबाट सन्देश प्रवाह गर्दैछौं", प्रबन्ध निर्देशक विष्टले भन्नुभयो।

खेलसँगै स्थानीय कला, संस्कृति र सङ्गीतका विविध प्रस्तुतिहरू प्रतियोगिता अवधिभर प्रस्तुत गरिने आयोजकले जनाएको छ। प्रतियोगिताका लागि गण्डकी प्रदेश सरकार, लोमान्थाङ गाउँपालिका तथा विभिन्न सङ्घसंस्थाहरूको सहयोग रहनेछ। प्रतियोगिता सम्पन्न गर्न रु १० देखि रु १२ लाख खर्च हुने अनुमान गरिएको छ।